# लैङ्गिक हिंसा निवारणका लागि पुरुष सहभागीता रणनीति,२०८३(मस्यौदा)

नेपाल सरकार

महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार,काठमाडौं ।

## विषय सूची


१. पृष्ठभूमि १

२. रणनीतिको औचित्य २

३. रणनीतिका मार्गदर्शक सिद्धान्तहरू ३

४. परिकल्पना ३

५. ध्येय ३

६. उद्देश्यहरु ३

७. रणनीतिहरु ४

८. कार्यनीतिहरु ४

९. रणनीतिको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ११

## १.पृष्ठभूमि

नेपालले लैङ्गिक हिंसा सम्बोधन गर्ने सन्दर्भमा विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दस्तावेजहरूमार्फत आफ्नो प्रतिबद्धता जनाएको छ। महिलाविरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धि १९७९, बालअधिकार सम्बन्धी महासन्धि १९८९, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, यातना विरुद्धको महासन्धि १९८४, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६, साथै महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रस्ताव नं. १३२५ र १८२० लगायतका अन्तर्राष्ट्रिय दस्तावेजहरूमा नेपाल पक्ष राष्ट्र रहेको छ।

त्यसैगरी, जनसंख्या तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन १९९४ बाट पारित कार्ययोजना, चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ घोषणा तथा कार्ययोजना, तथा सार्क लगायतका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरका दस्तावेजहरूले महिला तथा बालिकालाई हिंसाबाट संरक्षण गर्ने उद्देश्य राखेका छन्। यी सबै दस्तावेजहरूमार्फत नेपालले लैङ्गिकतामा आधारित हिंसाविरुद्ध संरक्षण गर्ने आफ्नो राष्ट्रिय प्रतिबद्धता व्यक्त गरेको छ।

नेपालको संविधानले लैङ्गिक समानता र समानुपातिक समावेशीकरणको सुनिश्चितता गरेको छ । संविधानको धारा १२ मा आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था, धारा १८ मा समानताको हक, धारा ३८ मा महिलाको हक अन्तर्गत महिलाको अधिकार सम्बन्धी विशेष व्यवस्था, धारा ३९ मा बालबालिकाको हक, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सुरक्षाको हक मार्फत महिलाको अधिकारको सुनिश्चितता पनि गरिएको छ । राज्यको नीति अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था गरी राज्यको हरेक निर्णायक तहमा महिलाको सहभागिताको सुनिश्चितता गरेको छ। अन्तराष्ट्रिय प्रतिबद्धता तथा संवैधानिक प्रावधानहरुलाई कार्यान्वयन गर्ने गरी लैङ्गिक समानतामुखी कानुन तथा नीतिहरू बनेका छन् ।
सन् २०१६ देखि सन् २०३० सम्मका लागि संयुक्त राष्ट्र संघले पारित गरेको दिगो विकास लक्ष्यको लक्ष्य नं. ५ मा लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा बालिकाहरुलाई सशक्तिकरण गर्ने लक्ष्य रहेको छ भने १६ औं आवधिक योजना (२०८१/८२-२०८५/८६) मा समेत महिला तथा बालिकाको सशक्तिकरण र लैङ्गिक मूलप्रवाहिकरणको मुद्दालाई अघि सारिएको छ । राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, बालविवाह विरुद्धको रणनीति २०८१ लगायतका दस्तावेजहरुमा समेत पुरुष तथा किशोरहरूको संलग्नता र सहभागिताको विषयमा उल्लेख गरी लैङ्गिक समानताका लागि पुरुष सहभागिताको आवश्यकतालाई सम्बोधन गरिएको छ । प्रदेश र स्थानीय सरकारको सक्रियतामा महिला सशक्तीकरण तथा बालबालिकाहरूको हकहित संरक्षणका लागि विभिन्न कार्यक्रमहरू समुदायस्तरबाटै सञ्चालन हुँदै आएका छन् । लैङ्गिक समानताको प्रर्वद्धन गर्ने तर्फ न्यायिक सक्रियता बढेको छ । नागरिक समाज तथा गैर सरकारी क्षेत्रबाट पनि लैङ्गिक हिंसा अन्त्यका विविध प्रयासहरू भएका छन् । तथापि लैङ्गिकतामा आधारित हिंसा एउटा गम्भीर मानव अधिकार चुनौतीको रुपमा रहेको छ ।

लैङ्गिकतामा आधारित हिंसाबाट महिला र बालिकाहरु बढी प्रभावित हुने भएकाले लैङ्गिकतामा आधारित हिंसा अन्त्यका प्रयासहरूलाई महिला र बालिका केन्द्रित गरी विभिन्न सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिदैं आएको छ । लैङ्गिक हिंसा अन्त्य गर्ने सवाल समाजको साझा सरोकारको विषय भएकाले लैङ्गिक हिंसालाई महिलाको एकल सरोकारको विषयको रुपमा हेर्ने र बुझ्ने प्रवृत्तिले अन्य सरोकारवालाहरू यस समस्याको समाधान प्रति संवेदनशील नहुने जोखिम रहन्छ । साथै यस समस्यालाई समग्रतामा सम्बोधन गर्न पुरुषको सहभागिता अपरिहार्य हुन्छ । पितृसत्तात्मक सामाजिक मूल्य मान्यताहरूलाई रुपान्तरण नगरी दण्डात्मक कानुनको व्यवस्थाले मात्र लैङ्गिक हिंसाको सम्बोधन सहि ढंगले हुन नसक्ने सिकाई स्थापित भैसकेको छ । त्यसैगरी पछिल्ला समयमा विभिन्न नीति र कार्यक्रमहरु पनि अघि सारिएको र पुरुष संलग्नता एवं सहभागिताका क्षेत्रमा पनि नेपालमा बहस र छलफल सुरु भएको छ। यसै सन्दर्भमा मन्त्रालयमा रहेको महिला तथा बालबालिका उपर हुने हिंसाको निवारणका लागि पुरुषको भूमिका रणनीति समयानुकुल बनाउनका लागि लैङ्गिक हिंसा निवारणका लागि पुरुष सहभागीता रणनीति तयार गर्न आवश्यक देखिएकोले यो रणनीतिलाई अघि सारिएको छ ।

## २. रणनीतिको औचित्य

दीगो विकासका दीर्घकालीन लक्ष्य र विशेष गरी लैङ्गिक समानता तथा सशक्तीकरण सम्बन्धी पाँचौ लक्ष्य हासिल गर्न पुरुष र युवाहरूको संलग्नतालाई विश्वव्यापी रूपमा स्वीकार गरिएको छ। राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ ले समेत लैङ्गि समानता र महिला विकासमा पुरुषको सहभागिता विस्तार गर्दै लैजाने नीति लिएको छ भने महिलाविरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलन सम्बन्धी महासन्धि समितिको सुझावमा समेत पुरुष संलग्नतालाई जोड दिइएको छ । जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय विकास सम्मेलनका पछिल्ला दस्तावेजहरुमा समेत लैङ्गिक समानतामूलक समाजका लागि बालक र पुरुषहरुसँगको सहकार्यलाई जोड दिइएको छ । लैङ्गिक समानताको क्षेत्रमा पुरुषको संलग्नता तथा सहभागिता सामाजिक रूपान्तरणका प्रयासहरूको महत्वपूर्ण कडी बन्न सक्तछ । पुरुष संलग्नताको औचित्यलाई देहाय बमोजिम पुष्टि गर्न सकिन्छः-

१. समाजमा विद्यमान लैङ्गिक भूमिका प्राकृतिक नभएर सामाजिक भएको कुरालाई स्वीकार गरी घरेलु काम, रेखदेख र हेरचाह जस्ता कार्यमा समेत पुरुषको समान जिम्मेवारी अभिवृद्धि हुन सहयोग पुग्नेछ ।

२. पितृसत्तात्मक सोचमा आधारित सामाजिक मान्यतालाई रुपान्तरण गरी लैङ्गिक समानतामूलक मानव अधिकारमैत्री समाजको निर्माणमा सहयोग पुग्नेछ ।

३. लैङ्गिक रुपान्तरणमा आधारित कार्यपद्दतिको विकास र विस्तार भई लैङ्गिक समानतामूलक मानव अधिकार-मैत्री समाजको निर्माणमा सहयोग पुग्नेछ ।

४. महिला तथा बालिका (युवा तथा किशोर/किशोरीसमेत)को सशक्तिकरण, एजेन्सी (agency) को प्रस्फुटन आदिका लागि सबल वातावरण निर्माण हुनेछ ।

५. लैङ्गिक हिसाको विषय महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको मात्र नभइ पुरुष, परिवार, समाज र समग्र राष्ट्र र विकासको मुद्दा हो भन्ने सन्देश स्थापित गर्नेछ ।

६. संविधानले परिकल्पना गरेको समृद्ध नेपालका लागि आवश्यक आर्थिक तथा सामाजिक विकास र लैङ्गिक न्यायपूर्ण समाजको निर्माणका लागि यो रणनीति एउटा रणनीतिक कदम हुनेछ ।

## ३. रणनीतिका मार्गदर्शक सिद्धान्तहरू

**३.१ समानता र समता** : कुनै पनि क्रियाकलापले लैङ्गिकता लगायत कुनै पनि आधारमा असमानता तथा भेदभाव सृजना नगरी हिंसा र विभेदको जोखिममा रहेका समुदायलाई पहिलो प्राथमिकतामा राखी सबै समूह र समुदाय (लैङ्गिक, जातिय, अपांगता, भाषा, भुगोल आदि) सम्म कार्यक्रमको पहुँच पुग्ने कुरा सुनिश्चित गर्नु पर्ने ।

**३.२ समावेशिता र अन्तरसम्बद्धता** (Intersectionality): रणनीतिको अवलम्बनको क्रममा लैङ्गिक पहिचानका आधारमा मात्र नभई व्यक्तिसँग जोडिने अन्य विविध पहिचानहरुलाई पनि ध्यानमा राखी योजना, कार्यक्रम कार्यान्वयन, अनुगमन, मूल्यांकन तथा अध्ययन गर्नुपर्ने ।

**३.३ सहभागिता र परामर्श** : कुनैपनि निर्णय लिंदा वा गतिविधि सञ्चालन गर्दा निर्देशित नभई सम्बन्धित सरोकारवालाको सहभागिता तथा परामर्शका आधारमा गर्नु पर्ने ।

**३.४ हानिरहितता** (Do No Harm) : कुनैपनि गतिविधिले कसैलाई हानि नपुगोस भन्ने कुरामा सचेतता अपनाउनु पर्ने । साथै हिसा पिडीत र प्रभावित केन्द्रित कार्यक्रमहरु गर्नुपर्ने ।

**३.५ परिपूरकता तथा पारस्परिकता** : रणनीतिक गतिविधि तथा क्रियाकलाप गर्दा सम्बन्धित सबै सरोकारवालाका बीचको परिपूरक भूमिका तथा पारस्परिकतालाई ध्यान दिनु पर्ने । साथै, पुरुष र बालकसँगको काम एकांकीमा आयोजना नगरी लैङ्गिक तथा सामाजिक न्यायसँग जोडेर गर्नुपर्ने ।

**३.६ सशक्तीकरण** : कुनैपनि गतिविधि गर्दा महिला, बालिका तथा विविध लैङ्गिक पहिचानको अस्तित्वलाई पहिचान/स्वीकार गरी निजको सशक्तीकरणलाई बल पुर्याउँछ वा पुर्याउँदैन भन्ने कुरालाई हेक्का राख्नुपर्ने तथा संरक्षणवादी सोचबाट मुक्त हुनुपर्ने ।

**३.७ जवाफदेहिता तथा शुन्य सहनशीलता** : लैङ्गिक हिंसाप्रति शुन्य सहनशीलताको संस्कृतिलाई स्थापित गर्दै पितृसत्तात्मक व्यवस्थालाई दिगो बनाइराख्ने हाम्रा सामाजिक, राजनीतिक, आर्थिक तथा साँस्कृतिक संस्था र पुरुष आफैलाई पनि उसले पाएको विशेष अवसरको विषयमा र हिंसामा संलग्नलाई जवाफदेही र उत्तरदायी बनाउने कुरामा तदारुकता देखाउनु पर्ने ।

**३.८ सामुदायिक स्वामित्व** : कुनैपनि गतिविधि गर्दा वा कार्यक्रम चलाउँदा लैङ्गिक तथा सामाजिक न्यायलाई केन्द्रमा राखी स्थानीय समुदायको स्वामित्वलाई सुनिश्चित गर्नुपर्ने । यस रणनीतिलाई प्रदेश र स्थानीय सरकारले आफ्नो अवस्था र परिवेश अनुसार परिमार्जन गरी अभियान सञ्चालन गर्नुपर्ने ।

**३.९ लैङ्गिक रूपान्तरण पद्धतिमा आधारित** : शक्ति, स्रोत र सेवामा समानता कायम गर्न तथा असमान भूमिका र अधिकारको वितरणमा संरचनागत तहमा रहेका बाधाहरु हटाउन रणनीतिका सबै कार्यहरु गर्दा गराउँदा अभ्यासमा रहेका लैङ्गिक असमानतापूर्ण व्यवहारलाई चुनौति दिदै हानिकारक लैङ्गिकद्वेषपूर्ण मूल्यमान्यता, भूमिका र

सम्बन्धहरुको अन्त्यका लागि लैङ्गिक रूपान्तरण पद्धतिमा आधारित भई गर्नुपर्ने ।

४. परिकल्पना

लैङ्गिक हिंसारहित समानतामूलक न्यायपूर्ण समाज

५. ध्येय

लैङ्गिक हिंसाको अन्त्यका लागि जवाफदेही र उत्तरदायिपूर्ण पुरुष सहभागिता र संलग्नता

६. उद्देश्यहरु

(१) लैङ्गिक समानता प्राप्तिका लागि पुरुषको उत्तरदायीपूर्ण सकारात्मक भूमिका प्रवर्द्धन गर्दै असल अभ्यासहरूको अवलम्बन गर्ने ।

(२) लैङ्गिकतामा आधारित हिंसालाई प्रश्रय दिने पितृसत्तात्मक सोच र व्यवहारलाई रूपान्तरण गर्न पुरुष सहभागिता बढाउन व्यक्तिगत तहदेखि संस्थागत तहसम्म अनुकूल वातावरण सृजना गर्ने ।

(३) संघ, प्रदेश र स्थानीय तहमा निर्माण हुने लैङ्गिक समानता र लैङ्गिक हिंसा अन्त्य सम्बन्धी नीति, ऐन, नियम तथा कार्यक्रमहरूमा पुरुषको भूमिका सुनिश्चित गर्ने ।

७. रणनीतिहरु

उद्देश्य १ संग सम्बन्धित

रणनीति १: राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा भएका पुरुष सहभागिताका असल अभ्यासहरूलाई समुदायस्तरसम्म अनुकरण, अनुसरण गर्दै तथा समुदायस्तरमा भएका राम्रा अभ्यासहरुलाई अन्तराष्ट्रियस्तरमा विस्तार गर्दै नवीन कार्यपद्धतिको विकास गर्ने ।

रणनीति २: लैङ्गिक सचेतना र रूपान्तरणका कार्यक्रमहरूमा पुरुषहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

उद्देश्य २ संग सम्बन्धित

रणनीति ३: लैङ्गिक हिंसा अन्त्यका लागि पुरुषको सकारात्मक भूमिका प्रति जिम्मेवार बनाउन सबल वातावरण तयार गर्ने ।

रणनीति ४ : समाजमा विद्यमान पितृसत्तात्मक सामाजिक मूल्य, मान्यता रूपान्तरणका लागि कार्यक्रम तर्जुमा गरी समुदायलाई परिचालन गर्ने ।

रणनीति ५ : लैङ्गिक समानताका लागि कार्यरत अधिकारकर्मी तथा अभियन्ताका तर्फबाट लिइने लैङ्गिक हिंसा विरुद्धका पहलहरुमा पुरुष सहभागितालाई प्रोत्साहति गर्ने ।

रणनीति ६: परिवार, समाज र राज्यको सबै तहमा महिला सशक्तिकरण तथा महिलाको योगदानको महत्व र

उदाहरणहरूलाई उजागर गर्न पुरुष संलग्नतालाई प्रवर्द्धधन गर्ने ।

रणनीति ७ : लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको संस्कृति अवलम्वन र विकास गर्न पुरुषको सकारात्मक र सक्रिय भूमिकालाई प्रोत्साहन गर्ने ।

उद्देश्य ३ संग सम्बन्धित

रणनीति ८: संघ, प्रदेश र स्थानीय तहमा निर्माण हुने कानुन तथा कार्यक्रमहरू तर्जुमा गर्दा लैङ्गिक समानतालाई जोड दिदै उत्तरदायिपूर्ण पुरुषहरूको सहभागिताको अवधारणालाई मूलप्रवाहीकरण गर्ने ।

रणनीति ९ : सरोकारवाला बीचमा परामर्श, समन्वय र सहकार्य अभिवृद्धि गराइ कार्यक्रममा सम-बुझाइ कायम गर्ने ।

रणनीति १० : लैङ्गिक समानता र लैङ्गिक हिंसा अन्त्यका लागि सञ्चालित कार्यक्रमहरुमा पूरुष सहभागिता सम्वन्धी कार्यक्रमहरूको अद्यावधिक मूल्याङ्कन, अध्ययन, विश्लेषण, प्रतिवेदन, अभिलेखीकरण र प्रतिवेदन प्रणालीको विकास गर्ने ।

८. कार्यनीतिहरु

रणनीति १: राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा भएका पुरुष सहभागिताका असल अभ्यासहरूलाई समुदायस्तरसम्म अनुकरण, अनुसरण गर्दै तथा समुदायस्तरमा भएका राम्रा अभ्यासहरुलाई अन्तराष्ट्रियस्तरमा विस्तार गर्दै नवीन कार्यपद्धतिको विकास गर्ने ।

कार्यनीति

१. राष्ट्रिय तथा स्थानीय तहका विभिन्न क्षेत्रमा भएका असल अभ्यासको पहिचान गर्दै अन्तर्राष्ट्रियस्तरमा त्यसको प्रवर्द्धन गर्ने ।

२. विभिन्न सञ्चारका माध्यमबाट असल अभ्यासहरूको प्रचारप्रसार गरी सामाजिक जागरण ल्याउने ।

३. असल अभ्यास र सिकाईहरूलाई समुदायस्तरसम्म व्यवहारमा उतार्न गरी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने ।

४. अन्तर्राष्ट्रिय तहमा भएका असल अभ्यास बारे अध्ययन, विश्लेषण र छलफल गरी त्यसको स्थानीयकरण गर्दै राष्ट्रिय तहमा लागू गर्ने उपायहरू खोजी गरी उपयुक्त कार्यक्रमहरू तर्जुमा गर्ने ।

५. समुदायमा रहेका अनुकरणीय व्यक्तिहरूमार्फत लैङ्गिक हिंसा विरुद्ध पुरुषको सक्रिय भूमिकाका सकारात्मक प्रभावका बारेमा समुदायका प्रभावशाली व्यक्तिहरु जस्तै धार्मिक गुरु, स्थानीय नेता, अभियन्ताहरूलाई संप्रेषण गर्ने ।

**रणनीति २: लैङ्गिक सचेतना र रूपान्तरणका कार्यक्रमहरूमा पुरुषहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।**

कार्यनीति

१. समाजमा विद्यमान हानिकारक अभ्यास तथा सामाजिक मूल्यमान्यतामा रूपान्तरणका लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक दक्ष विशेष गरी महिलावादी पुरुष जनशक्ति तयार गरी परिचालन गर्ने ।

२. लैङ्गिक रुपान्तरणकारी परिवर्तनकालागि सचेतना जगाउन परिवारदेखि राज्यको निकायसम्म शक्तिको केन्द्रमा रहेको बालक तथा किशोर, दम्पत्ति, परिवारका सदस्यहरु, विद्यार्थीहरु, धार्मिक गुरु, नेता, सामाजिक अभियन्ता, सुरक्षा निकाय, नीजि क्षेत्र, प्रभावशाली व्यक्तिहरु लगायतका व्यक्तिहरुसँग निरन्तर संवाद तथा सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

३. विभिन्न प्रशिक्षण संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुमा लैङ्गिक न्यायको विषय एकीकृत गराउन समन्वय गर्ने ।

४. लैङ्गिक हिंसा निवारणका लागि पुरुष तथा पुरुषत्व विषयक प्रशिक्षण सामाग्री विकास गरी नेपाल सरकार, महिला अधिकार सम्बन्धी संघसंस्था लगायत अन्य प्रशिक्षण संस्थाहरुलाई उपलव्ध गराई तालिम पाठ्यक्रममा समाविष्ट गर्न पहल गर्ने ।

५. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार लगायत लैङ्गिक हिंसा निवारणसँग सम्बन्धित आवश्यकतामा आधारित प्रशिक्षण उपक्रम (Module) विकास गरी प्रशिक्षण संस्थाहरु तथा सम्बन्धित सरोकारवालाहरुलाई उपलव्ध गराउने व्यवस्था मिलाउने ।

**रणनीति ३: लैङ्गिक हिंसा अन्त्यका लागि पुरुषको सकारात्मक भूमिका प्रति जिम्मेवार बनाउन सबल वातावरण तयार गर्ने ।**

कार्यनीति

१. समुदायमा हुने लैङ्गिक हिंसाका घटनाको रोकथाममा पुरुष र बालकलाई अग्रसर गराउने ।
२. हिंसा निवारणमा सहयोगी पुरुषहरूलाई अन्य समुदायमा उदाहरणको रूपमा प्रस्तुत गर्ने ।

३. संघदेखि प्रदेश र स्थानीय तहसम्म पुरुष सञ्जाल (Men Leader Network) गठन तथा परिचालनका लागि लैङ्गिक हिंसा विरुद्ध र लैङ्गिक न्याय र समानताका निम्ति अग्रसार पुरुषहरुलाई संलग्न गर्ने ।

**रणनीति ४ : समाजमा विद्यमान पितृसत्तात्मक सामाजिक मूल्य, मान्यता रूपान्तरणका लागि कार्यक्रम तर्जुमा गरी समुदायलाई परिचालन गर्ने ।**

कार्यनीति

१. लैङ्गिक हिंसा विरुद्धका अभियान सञ्चालन गर्दा पुरुषको अर्थपूर्ण सहभागितामा महिला विरुद्धका परम्परागत हानिकारक प्रथा तथा परम्परा (छाउपडी, बालविवाह, वैकल्या, बोक्सी, कमलरी, झुमा, दाईजो, जातीय विभेद, अन्तरलिंगी व्यक्तिमाथि गरिने अनावश्यकीय चिकित्सा अभ्यास आदि) विद्यमान भएका समुदायलाई प्राथमिकता दिएर सञ्चालनमा ल्याउने ।

२. लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितताका लागि हरेक स्थानीय तहमा सरकारी, गैरसरकारी, निजी क्षेत्रका सबै

सरोकारवाला निकायहरूको सञ्जाल बनाएर सहयोग, समन्वय र सहकार्य गरी समुदायलाई नै परिचालन गरी निरन्तर कार्यक्रम सञ्चालन गर्ने ।

३. समुदायको क्षमता अभिवृद्धि गराउन उपयोगी हुने दिग्दर्शन, हातेपुस्तक तथा अन्य सञ्चार सामग्रीको विभिन्न राष्ट्रिय तथा स्थानीय भाषामा उत्पादन, प्रसारण, वितरण र प्रवर्द्धन गर्ने ।

४. स्थानीयस्तरमा विभिन्न समुदायमा क्रियाशिल धार्मिक गुरुलाई सकारात्मक धार्मिक साँस्कृतिक मूल्य मान्यताहरूलाई उजागर गरी लैङ्गिक हिंसा विरुद्ध आवाज उठाउन उत्प्रेरित गर्ने ।

५. लैङ्गिक हिंसा रोकथाम तथा अन्त्यका सम्बन्धमा हासिल गरिएको परिवर्तन तथा उपलब्धिको बारेमा प्रचारप्रसार गर्ने र नयाँ सकारात्मक व्यवहार तथा मान्यताहरूको विकासलाई प्रश्रय दिने ।

६. हानिकारक परम्परागत सामाजिक मूल्य मान्यताको कारण सिर्जित लैङ्गिक विभेदकारी अवस्था र यसले ल्याउने परिणामका बारेमा अन्तरपुस्ता, अन्तर लैङ्गिक समूह जस्ता संवाद कार्यक्रम सञ्चालन गर्ने ।

**रणनीति ५ : लैंङ्गिक समानताका लागि कार्यरत अधिकारकर्मी तथा अभियन्ताका तर्फबाट लिइने लैङ्गिक हिंसा विरुद्धका पहलहरुमा पुरुष सहभागितालाई प्रोत्साहति गर्ने ।**

कार्यनीति

१. लैङ्गिक हिंसा निवारणका लागि समुदायमा गठन भएका र हुने महिला/युवा/बालबालिका/ किशोरकिशोरी/यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, युवा समिति, निगरानी समूह आदिको गठन, परिचालन र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरी लैङ्गिक हिंसा निवारणका पहलमा समुदायलाई एकजुट गराउने ।

२. पितृसत्तात्मक सोचबाट पुरुष र बालकमा पर्ने असर र पीडाका विषयमा सचेत गराई लैङ्गिक समानताका निम्ति बालक, किशोर, पुरुषहरुलाई अभियानमा संलग्न गराउने ।

३. महिला अधिकारवादी संस्था/संजाल तथा यसका कार्यक्रम र अभियानहरुमा पुरुषको सहभागिता गराउने हिंसा निवारणका कार्यहरूमा पुरुषको समर्थन, सहयोग र सहकार्य गर्न प्रोत्साहित गर्ने ।

४. समुदायका नेतृत्व तहमा रहेका, शिक्षक, कानुन व्यवसायी, स्वास्थ्यकर्मी, धार्मिक गुरू, विद्यार्थी तथा न्यायकर्मी नागरिक समाज, गैरसरकारी संघसस्था, आमसञ्चार माध्यम तथा सामाजिक सञ्जाल परिचालन गरी अभियान संचालन गर्ने ।

५. बालक्लब, किशोरकिशोरी समूह लगायतका समूहहरुबीच लैङ्गिक न्याय, लैङ्गिक समानता लगायतका विषयमा रचनात्मक सामुदायिक संवादहरू सञ्चालन गर्ने ।

**रणनीति ६: परिवार, समाज र राज्यको सबै तहमा महिला सशक्तिकरण तथा महिलाको योगदानको महत्व र उदाहरणहरूलाई उजागर गर्न पुरुष संलग्नतालाई प्रवर्द्धन गर्ने ।**

कार्यनीति

१. लैङ्गिक हिंसा निवारणमा योगदान पुऱ्याएका कार्यक्रमका असल अभ्यासहरुलाई संस्थागत गर्दै महिला सशक्तीकरणका प्रत्यक्ष सामाजिक परिचालनका विशेष कार्यक्रमहरु स्थानीय तहदेखि नै सञ्चालन गर्ने

।

२. महिला सशक्तीकरणका क्षेत्रमा उल्लेखनीय उपलव्धी हासिल गरेका उदाहरणीय व्यक्तित्वहरुको अनुभव र परिवार तथा समाजमा महिलाले पुऱ्याएको योगदानका बारेमा विभिन्न सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने ।

३. विभिन्न संस्था तथा संजालमा रहि लैङ्गिक समानताका लागि सकारात्मक भूमिका निर्वाह गरी उदाहरणीय काम गर्ने व्यक्तिहरुलाई पुरस्कृत गर्ने ।

४. लैङ्गिक उत्तरदायी बजेट निर्माण तथा लैङ्गिक बजेट लेखापरिक्षण लगायतका लैङ्गिक जवाफदेही विधीहरु अनिवार्य र नियमितरूपमा सञ्चालन गर्ने ।

**रणनीति ७: लैङ्गिक समानताका लागि कार्यरत अधिकारकर्मी तथा अभियन्ता मार्फत गरिने लैङ्गिक हिंसा विरुद्धका पहल/अभियानहरुमा पुरुष सहभागितालाई प्रोत्साहित गर्ने ।**

कार्यनीतिहरु

१. महिलाको स्वतन्त्र अस्तित्वलाई अस्वीकार गर्ने लैङ्गिक द्वेषपूर्ण विज्ञापन, लेख रचना, प्रकाशन तथा सामाजिक सञ्जालको दुरुपयोगलाई कडाईका साथ निगरानी, अनुगमन तथा कारवाही गरी त्यस्ता गतिविधिलाई निरुत्साहित गर्ने तथा नियमन गर्ने ।

२. आम सञ्चारका माध्यम तथा सामाजिक सञ्जाल मार्फत पुरुषलाई लैङ्गिक रूपान्तरणमा रचनात्मक भूमिका खेल्न प्रोत्साहित गर्ने कार्यक्रम तथा गतिविधि सञ्चालन गर्ने ।

३. समाजमा चलिआएको लैङ्गिक भूमिकाको अभ्यास गरिने परिवारदेखि राज्य तहसम्मका संस्था तथा संगठनहरु लक्षित अभियान सञ्चालन गर्ने ।

४. लैङ्गिक हिंसा विरुद्धको जागृतिमूलक कार्यमा सामाजिक सञ्जाल, खेलकुद तथा कला र साहित्यको क्षेत्रबाट रचनात्मक योगदान मिल्ने गरी उपयुक्त पहल गर्ने ।

५. विद्यालय तथा विभिन्न तालिम दिने संघसंस्थाको पाठ्यक्रममा पुरुष तथा किशोरको सहभागिता तथा लैङ्गिक रुपान्तरणमा खेल्न सक्ने भूमिकाको बारेमा विषयवस्तु समावेश गर्ने ।

६. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको संस्कृति अवलम्बन र विकास गर्न पुरुषको सकारात्मक र सक्रिय भूमिकालाई प्रोत्साहन गर्ने ।

**रणनीति ८: संघ, प्रदेश र स्थानीय तहमा निर्माण हुने कानुन, नियम र कार्यक्रमहरू तर्जुमा गर्दा लैङ्गिक समानतालाई जोड दिदै उत्तरदायिपूर्ण पुरुषहरूको सहभागिताको अवधारणालाई मूलप्रवाहीकरण गर्ने ।**

कार्यनीतिहरु

१. राज्यका नीति, कार्यक्रम, कानूनहरु लैंङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्दैं अन्तरमन्त्रालय र अन्तर तहगत सरकारसँगको समन्वय गरी लैङ्गिक रुपान्तरणलाई मूलप्रवाहमा ल्याउने ।

२. सबै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण र लैङ्गिक समानतामूलम समाज निर्माणमा पुरुषलाई जिम्मेवार

बनाउने नीतिगत अग्रसरताका लागि कार्यक्रम गर्ने ।

३. लैङ्गिक हिंसाको रोकथाम तथा अन्त्यका लागि आवश्यक ज्ञान हासिल गरेका पुरुष तथा किशोर, समुदायका अगुवाको समूह सृजना गरेर परिचालन गर्ने तथा पुरुष, किशोर तथा समुदायका अन्य नेता तथा सदस्यहरूको क्षमता अभिवृद्धि गर्ने ।

४. समुदायमा रहेका विभिन्न सामुदायिक संस्था, गैर सरकारी संस्था तथा नागरिक समाजसंगको सहकार्यमा हरेक स्थानीय तहबाट लैङ्गिक हिंसाको अन्त्यका लागि पुरुषको रचनात्मक भूमिका प्रवर्द्धन गर्ने खालका कार्यक्रम बनाइ लागू गर्ने तथा लैङ्गिक रुपान्तरण लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

५. लैङ्गिक हिंसा सम्बोधनका प्रयासमा पुरुषको सकारात्मक भूमिका अभिवृद्धि गराइ पुरुष तथा किशोरहरूको सार्थक सहभागिताद्वारा लैङ्गिक हिंसाविरुद्ध जवाफदेहिता तथा शुन्य सहनशीलताको संस्कृति प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने ।

६. लैङ्गिक हिंसाका घटनामा उजुरी तथा त्यस्ता घटना तथा प्रवृत्ति विरुद्ध ठोस कदम चाल्न पुरुषहरु लाई प्रेरित गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

**रणनीति ९ : सरोकारवाला बीचमा परामर्श, समन्वय र सहकार्य अभिवृद्धि गराइ कार्यक्रममा सम-बुझाइ कायम गर्ने ।**

कार्यनीतिहरु

१. लैङ्गिक समानता, लैङ्गिक न्याय, लैङ्गिक हिंसा अन्त्य, लैङ्गिक समानताका लागि पुरुष सहभागिता लगायतका मुद्दामा स्थानीयदेखि संघीयस्तरसम्म कार्यरत महिलावादी व्यक्ति, संस्था, संजाल, विज्ञ तथा प्राज्ञिक निकाय र व्यक्तिहरुसँग निरन्तर संवाद र परामर्श गरी संस्थाको काम तथा नीति माथि सुझाव संकलन गर्ने ।

२. लैङ्गिक रूपान्तरणको उद्देश्यले पुरुषको सहभागिता तथा सक्रियतामा आयोजना गरिने रचनात्मक गतिविधि तथा कार्यक्रमहरू खेलकुद, प्रदर्शनी, सडक नाटक, गीती नाटक, सास्कृतिक कार्यक्रम, प्रतियोगितात्मक कार्यक्रम, सार्वजनिक सन्देशमूलक सूचना प्रवाह, सामाजिक सञ्जालमा आधारित अभियानलाई प्रोत्साहन गर्ने ।

३. किशोर-किशोरीको सहभागिता तथा सक्रियतामार्फत लैङ्गिक रूपान्तरण कार्यक्रम प्रवर्द्धन गर्न निजी क्षेत्रको सामाजिक जिम्मेवारीको सिद्धान्तका आधारमा शैक्षिक संस्था, स्वास्थ्य संस्था, व्यापारिक, औद्योगिक, बैंकिङ, तथा व्यावसायिक समुदाय, समूह एवं व्यक्तिको सहयोगलाई परिचालन गर्ने ।

४. पुरुष सहभागिताको क्षेत्रमा समन्वय तथा सहकार्य प्रवर्द्धन गर्न प्रत्येक स्थानीय तहमा विशेष इकाइ तोकी सम्पर्क विन्दुको व्यवस्था गर्ने ।

५. महिलाको रोजगारी, प्रजनन स्वास्थ्य, घरेलु श्रमको आर्थिक मूल्याङ्कन तथा पारिवारिक मामला सम्वन्धित कानुनमा आवश्यक संशोधन गर्ने ।

६. लैङ्गिक समानताका लागि प्रभावकारी कानुनको कार्यान्वयनमार्फत पुरुषको सार्थक सहभागिता प्रवर्द्धन गर्न सम्बन्धित सरोकारवालासँग नीतिगत तथा कानुनी सुधार र कार्यान्वयनका विषयमा बहस तथा संवाद सञ्चालन गर्ने।

७. लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितताका लागि संघ, प्रदेश र स्थानीय तहमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सबै सरोकारवाला निकायहरूको सञ्जाल गठन गरी सहयोग, समन्वय र सहकार्य प्रवर्द्धन गरिनेछ। साथै, भएका कार्यहरूको प्रगति विवरण तथा अनुभवको आदान-प्रदान गर्ने व्यवस्था मिलाई सबै तहबाट सञ्चालित कार्यहरूको केन्द्रीय स्तरमा एकीकृत प्रतिवेदन प्रणाली स्थापना गरिनेछ

**रणनीति १०: लैङ्गिक समानता र लैङ्गिक हिंसा अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूमा पुरुष सहभागितासम्बन्धी कार्यक्रमहरूको अद्यावधिक मूल्याङ्कन, अध्ययन, विश्लेषण, प्रतिवेदन, अभिलेखीकरण तथा प्रतिवेदन प्रणालीको विकास गर्ने।**

कार्यनीतिहरू

१. विभिन्न समुदाय, सामाजिक समूह तथा वर्गमा रहेको शक्ति—सम्बन्धको अवस्था तथा प्रवृत्ति, लैङ्गिक हिंसा तथा भेदभावसँग त्यसको अन्तरसम्बन्ध, तथा विभिन्न कार्यक्रमहरूको प्रभाव लगायतका विषयमा अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्ने।

२. लैङ्गिक हिंसा अन्त्यका लागि पुरुष तथा बालकको संलग्नतामा सञ्चालित कार्यक्रमहरूको प्रभावको अध्ययन गरी तत्कालीन तथा दीर्घकालीन रूपमा लैङ्गिक समानता प्रवर्द्धनमा पुगेको योगदानको विश्लेषण गर्दै लैङ्गिक विकाससम्बन्धी प्रतिवेदन प्रकाशन गर्ने।

३. पितृसत्तात्मक सोच, मूल्य-मान्यता तथा तिनको रूपान्तरणका चुनौतीहरू लगायतका विषयमा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने।

४. लैङ्गिक हिंसा अन्त्यका लागि आवश्यक दक्ष जनशक्ति तयार गरी परिचालन गर्ने ।

## ९. रणनीतिको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

यस रणनीतिको व्यावहारिक कार्यान्वयनका लागि छुट्टै निकाय वा संयन्त्र गठन गर्नुको सट्टा विद्यमान संयन्त्रमार्फत नै कार्यान्वयन गरिनेछ। नेपाल सरकारका जुनसुकै संयन्त्रले लैङ्गिक हिंसा निवारणसम्बन्धी कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्दा यस रणनीतिको मर्म र भावनाअनुसार गर्नुपर्नेछ। प्रदेश सरकार र स्थानीय तहले आफ्नो वस्तुस्थिति अनुसार प्रादेशिक तथा स्थानीय रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सक्नेछन्। निजी तथा गैरसरकारी क्षेत्रले यस रणनीतिको कार्यान्वयनमा नेपाल सरकारलाई सहयोग पुर्‍याउनुपर्नेछ।

संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

गर्दा यस रणनीतिका आधारमा समेत समीक्षा गरिनेछ। यस रणनीतिको कार्यान्वयनबाट हासिल भएका उपलब्धिहरूको मापन तथा असल अभ्यासहरूको संस्थागतकरणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अध्ययन, विश्लेषण तथा अभिलेखीकरणको कार्य गर्नेछ।

यस रणनीतिको समयावधी दिगो विकास लक्ष्यलाई आधार बनाउँदै वि.सं. २०८७ सम्म तय गरिएको छ । रणनीतिको पहिलो पुनरावलोकन तथा समिक्षा वि.सं. २०८५ मा र दोस्रो पटकको समिक्षा वि.सं. २०८६ मा गरिनेछ । वि.सं. २०८८ मा रणनीतिको पुनरावलोकन र मूल्याङ्कनपश्चात नयाँ रणनीति तयार पारिनेछ ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं